**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः १८ नोभेम्बर २०२३

समयः १८:५० – १६:०० बजे

**प्रमुख समाचार**

१. पश्चिम बङ्गाल राज्य अग्नि तथा आपतकालीन सेवाका राज्यमन्त्री सुजित बोसले आज उत्तर कन्यामा आपतकालीन सेवालाई लिएर विभागीय अधिकारिहरुसंग एउटा बैठक गर्नु भयो।

२. गोर्खा राष्ट्रिय मुक्ति मोर्चाले बाघडोगरा हवाई अड्डाको नाम पहिचान र सम्मानका प्रतीकका रूपमा सुवास घिसिङको नाममा राखिनु पर्ने माग गरेको छ।

३. सुन व्यापारी प्रदीप ओझाको हत्याकाण्डमा सग्लन रहेका पाँच दोषीहरुलाई दार्जिलिङ जिल्ला अदालतले आजिवन कारावासको सजाय सुनाएको छ।

४. टिस्टा बाढ पिडितहरुलाई चाँडो भन्दा चाडो क्षतिपूर्ति दिइनु पर्ने मागमा टिस्टा संरक्षण मन्चले कालेबुङमा व्यापक पोस्टरिङ गरेको छ।

५. दार्जीलिंग नगरपालिकाले आफ्नो आधिकारिक क्षेत्र भरी नै पूर्ण रूपमा गुटखा बिक्रीमा प्रतिबन्ध लगाउने घोषणा गरेको छ।

**राज्यमन्त्री सुजित बोस**

पश्चिम बङ्गाल राज्य अग्नि तथा आपतकालीन सेवाका राज्यमन्त्री (स्वतन्त्र प्रभार) सुजित बोसले आज सिलगडीको उत्तर कन्यामा आपतकालीन सेवालाई लिएर विभागीय अधिकारिहरुसंग एउटा बैठक गर्नु भयो। बैठकमा उत्तर बंगाल क्षेत्रको अग्नि शमन साथै आपतकालीन सेवा विषय लिएर उहाँले विभिन्न प्रकारका छल्फल गर्नु भयो। यसै क्रममा राज्य मन्त्री सुजित बोस हिज दार्जीलिङ्ग अनि खर्साङ्ग आउनु भएको थियो भने उहाँले दार्जीलिङ्ग अनि खर्साङ्गका दुई वटा अग्निशमन केंद्रको निरक्षण पनि गर्नु भएको थियो। अग्निशमन केंद्रको निरक्षणको क्रममा पत्रकारहरु कुराकानी गर्नु हुदै उहाले सुके पोखरी अनि गोरुबथानमा चाडै नै नयाँ अग्निशमन केंद्र निर्माण हुने बताउनु भएको छ।

****** ० *****

**गोरामुमो- बाघडोगरा हवाई अड्डा**

गोर्खा राष्ट्रिय मुक्ति मोर्चाले बाघडोगरा हवाई अड्डाको नाम पहिचान र सम्मानका प्रतीकका रूपमा सुवास घिसिङको नाममा राखिनु पर्ने माग गरेको छ। आज केन्द्रीय कार्यालय दार्जीलिङबाट जारी गरिएको एक प्रेस विज्ञप्तिमा, केन्द्रीय समिति प्रवक्ता वाई लामाले भारत सरकारद्वारा हालै हवाई अड्डाको नाम परिवर्तनको प्रक्रिया अघि बढाइएको सूचना आएको अवगत गराउनु हुदै गोरामुमोले यसलाई स्वागत गर्दै सो माग प्रस्तुत गरेको जानकारी दिनु भएको छ।श्री लामाले भन्नु भयो , " स्वर्गीय सुवास घिसिङले राष्ट्रिय राजनीति र भारतीय गोर्खा समुदायका लागि ऐतिहासिक योगदान दिएका छन्। उनी भारतीय गोर्खाहरूको पहिचान र अधिकारका लागि संघर्ष गर्ने अगुवा व्यक्तित्व हुन्। यति महत्वपूर्ण योगदानको सम्मानस्वरूप बाघडोगरा हवाईअड्डालाई सुवास घिसिंघको नाममा राखिनु न्यायसंगत हुने उहाले बताउनु भएको छ I यसैवीच दार्जीलिंगका विधायक निरज जिम्बाले पनि बाघडोगरा हवाई अड्डाको परिवर्तित नाम सुवास घिसिंगको नाममा राखिनु पर्ने विषयमा प्रधानमन्त्री नरेन्द्र मोदीलाई पत्र लेख्नु भएको छ I

****** ० *****

**दार्जीलिंग - आजीवन कारावास**

केहि वर्ष अघि दार्जीलिङका एक सुन व्यापारी प्रदीप ओझाको हत्याकाण्डमा सग्लन रहेका पाँच दोषीहरुलाई दार्जिलिङ जिल्ला अदालतले आजिवन कारावासको सजाय सुनाएको छ। जनवारी २०२३ मा एक सराफा व्यापारी प्रदीप ओझाको उनकै निवासमा सुन्योजित ढंगमा निर्मामता पुर्वक हत्या गरिएको थियो। महाराष्ट राज्यको सागली जिल्ला निवासी यी आरोपीहरुलाई भारती

दन्ड सहिता 397 अन्तर्गत दोषी ठहर गर्दै आजिवन कारावास सुनाइएको हो। आज न्यायधिस जितु वाहन बिश्वासको कोटमा दोषीहरुलाई आजीवन कारावासको सजाय सुनाएको छ।

****** ० *****

**टिस्टा संरक्षण मन्च**

टिस्टा बाढ पिडितहरुलाई चाँडो भन्दा चाडो क्षतिपूर्ति दिइनु पर्ने मागमा टिस्टा संरक्षण मन्चले कालेबुङमा व्यापक पोस्टरिङ गरेको छ। जसमा पीडितहरुको पुन:सर्वे गरिनु पर्ने अनि सहि रूपमा क्षतिपूर्ति दिनु पर्ने मांग राखिएको छ। पिडितहरुको माग चाँडो पूरा नभए उनीहरु सडकमा समेत उत्रिने चेतावनी मन्चका पक्षबाट किशोर प्रधानले दिनु भएको छ I

****** ० *****

**दार्जीलिंग नगरपालिका-गुट्खा प्रतिबन्द**

पश्चिम बंगाल सरकारद्वारा राज्यमा गुट्खा बिक्रीमा प्रतिबन्ध लगाए पछि अब दार्जीलिंग नगरपालिकाले पनि आफ्नो आधिकारिक क्षेत्र भरी नै पूर्ण रूपमा गुटखा बिक्रीमा प्रतिबन्ध लगाउने घोषणा गरेको छ। आज यसै विषय नगरपालिका मार्केट बिभागका एम आई सी मणि लामाले दार्जीलिंग नगरपालिका क्षेत्रका सम्पूर्ण गुट्खा व्यापारीहरुलाई अबोप्रान्त गुट्खा बिक्री नगरिदिने आह्वान गर्नु भएको छ । गुट्खा बिक्रीमा प्रतिबन्धको बिरुद्ध कसैले पनि कार्य गरेमा बी एम एक्ट अनुसार कानुनी कारवाई गरिने पनि श्री लामाले थप बताउनु भएको छ ।

****** ० *****

**हाम्रो पार्टी – कालेबुंग**

आगामी नगरपालिका चुनावलाई मध्यनजर गर्दै , हाम्रो पार्टी अध्यक्ष अजय एडवर्ड्सको सभापतित्वमा आज हाम्रो पार्टी कालेबुङ जिल्ला समितिको सांगठनिक सभा सम्पन्न भयो । सभामा पार्टीलाई ससक्त बनाउन हेतु विभिन्न विषयहरुमा चर्चा भयो I जसमा हाम्रो पार्टी कालेबुङ जिल्ला समितिले अब चाडै सहर समिति गठन गर्ने अनि पार्टीका विभिन्न भातृ संगठनहरुको पनि पुन: गठन गरिने भएको जानकारी प्राप्त भएको छ । विषेश गरि कालेबुङलाई सहरलाई अब " हप्पी सिटी" बनाउने तर्फ जमर्को कस्ने हाम्रो पार्टीको अडान रहेको पनि बताईएको छ I

****** ० *****

**पंचायत समिति भवन शिलान्यास**

गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन मिरिक इन्जिनियरिङ विभाग मार्फत मिरिकमा पन्चायत समिति भवन निर्माण कार्यको शिलान्यास गरिएको छ I यस अवसरमा मिरिक नगरपालिका अध्यक्ष एल बी राई, मिरिक पंचायत समितिका अध्यक्ष कैलास खवास, खण्ड विकास अधिकारी श्रेयाश्री माइती, थर्बू डुप्टिन समष्टिका सभासद मिलेस राई, मिरिक महाकुमाका जनसम्पर्क अधिकारी विवेक गोले विशेष रुपमा उपस्थित थिए I यस भवन 89 लाख 47 हजार 7 सय 93 रुपियाको लागतमा निर्माण हुने भएको बताईएको छ I शिलान्यास कार्यक्रमलाई सम्बोधन गर्ने क्रममा वाक्ताहरुले हालसम्म मिरिक पन्चायत समितिको कार्यालय किरायमा संचालनमा हुँदै आएको जसमा कतिपय कार्यहरू गर्न असुविधा भए पनि नयाँ भवन निर्माणपछि जनहितमा कार्य गर्न सुविधा हुने मन्तव्य पोखे ।

****** ० *****

**श्री दमाइ समाज**

श्री दमाइ समाज, खरसाङको स्थापना दिवस एवं वार्षिक सभा हिज प्रकाश सेवाको अध्यक्षता सम्पन्न भएको छ। कार्यक्रम खरसाङको पार्क लोकेशनमा अवस्थित सार्वजनिक भवनमा आयोजना गरिएको थियो। कार्यक्रम शुरू हुन भन्दा अघि समाजका सदस्यहरूले नैमती बाजासहित र्‍याली आयोजना गरेका थिए। पार्क लोकेशनमा अवस्थित सार्वजनिक भवन अघिदेखि शुरू भएको र्‍याली खरसाङ शहरको परिक्रमा गरेर सोही स्थानमा आएर समापन भएको थियो । डाक्टर भीम राव अम्बेडकरको तस्वीरमा धूप-दीप प्रज्वलन गरेर शुरु गरिएको कार्यक्रमको संचालन उमेश कार्कीढोलीले गर्नु भएको थियो । यस कार्यक्रममा दमै जातीको भाषा, साहित्य, संस्कार अनि संस्कृतिमाथि वार्ता प्रस्तुत गरिएको थियो भने सिक्किमका सेखर सेवा, आकाशवाणी एवं दूरदर्शन सिलगढ़ीका कार्यक्रम प्रमुख योगेन्द्र राज सुन्दास, काठमाडौंका डीबी दमु नेपाली, सभासदद्वय प्रणाम रसाइली अनि परेस तिक्रीलाई सम्वर्द्धना जनाइएको थियो | कार्यक्रमपछि पत्रकारहरुसंग कुराकानी गर्नु हुदै संस्थाका सचिव उमेश कार्कीडोलीले विश्व स्तरमा दमाई जातीको संस्था निमार्ण गरिने पहल गरिने भएको जानकारी दिनु भएको छ।

****** ० *****

## मङ्पू - गुराँस पार्क

मङ्पू रेसेप फरेष्ट बस्ती ( सिकसिन) मा मङ्पू सिन्कोना अधिनस्थ रङ्बी विभागमा नव निर्मित गुराँस पार्क आज बिधिवत उत्दघाटन गरिएको छ I यस अवसरमा सिन्कोनाक निदेशक डा सामुएल राई प्रमुख रूपमा उपस्थित हुनुहुन्थ्यो । यस पार्कले आगामी दिनमा स्थानीय साथै समस्त पहाडको पर्यटनको क्षेत्रमा एउटा नयाँ उर्जा थप्ने कुरामा विश्वास राख्न सक्ने सम्भावना देखिएको छ। दार्जिलिङ सहरदेखि 24 कि मि टाडामा रहेको यस पार्कबाट कञ्चनजङ्गाको मनोरम दृश्य देख्न सकिने र अन्य बन्य जीव जन्तुहरु पनि सजिलै देख्न सकिने यो पार्कको अर्को महत्व छ। विविध प्रजातिका गुराँस र अन्य फुलहरुले भरिएको पार्कमा पहिलो दिनमा नै लगभग 200 भन्दा अधिक पर्यटकहरु घुम्न आएको जानकारी प्राप्त भएको छ।

****** ० *****

## दार्जीलिङ- ज्ञानोदय निकेतन

दार्जीलिङका ज्ञानोदय निकेतन एलिस अर्थात एसोसिएसन अफ हेड्स अफ लिस्टेड आई सि एस ई स्कूल २०२४ को उपाधि जित्न सफल बनेको छ। गत २६ नोभेम्बरमा सिलगढीको सिंहलीला क्लबमा बसेको एलिसको सभामा दार्जीलिङको ज्ञानोदय निकेतन बर्ष २०२४ को च्याम्पियन विद्यालयको रुपमा निर्वाचित भएको छ। सभामा दार्जीलिङ, खरसाङ, कालेबुङ अनि मिरिकका विद्यालयहरुका प्रतिनिधि सदष्यहरुको उपस्थिति रहेको थियो। ३६ वटा विद्यालयहरुमा बर्ष भरीमा विविध क्रियाकलापहरु जस्तै अन्तर विद्यालय क्रियाकलाप, क्वीज, खेलकुद, वाकपटुता, तर्क, सृजनशील लेखन, क्वीज पावर पोइन्ट आदिमा अति सुन्दर प्रस्तुतीकरणमा ज्ञानोदय निकेतन ले सक्रिय सहभागिता जनाउदै धेरै इभेन्ट्समा विजय बनेको परिणाम स्वरुप ज्ञानोदय निकेतनले बर्षको एलिस च्याम्पियन २०२४ को उपाधि जित्न सफल बनेको छ।

****** ० *****

## बिजनबारी – पुस्तक विमोचन

वरिष्ठ साहित्यकार तथा लेखक पूर्ण सुब्बा साँबाहाङ कृत पुस्तक " दार्जीलिङ भेकका भारतीय नेपाली हिमचिम (परिचय प्रसुन)" विधिवत रूपमा लोकार्पित गरिएको छ। बिजनबारी कला सङ्गमका सभापति एम० बहादुर सुब्बाको अध्यक्ष्यतामा सम्पन्न भएको कार्यक्रमको प्रमुख अतिथिको रूपमा साहित्यकार नगेन्द्र "गोर्खा" उपस्थित हुनुहुन्थ्यो भने बिशिस्ट अतिथिहरूमा बरिष्ठ साहित्यकार द्वय मनप्रसाद सुब्बा, एम० पथिक, गीतकार मदन राई, अधिवक्ता अमृत मादेन लगायत अन्यान्य व्यक्तित्वहरुको उपस्थिति रहेको थियो। स्थानीय बिजनबारी सार्वजनिक भवनमा भएको कार्यक्रमलाई जेके राईले सञ्चालन गर्नु भएको थियो भने कार्यक्रमका अतिथिहरूको बहुलीबाट पुस्तकको विधिवत रूपमा विमोचन गरियो।

****** ० *****

## मौसम

पश्चिम बंगालमा चिसो हावाको आगमन भइसकेको छ। फलस्वरूप कोलकातामा सोमवार न्यूनतम तापमान 18.8 डिग्री सेल्सियस दर्ता गरियो जुन सामान्यभन्दा1.1 डिग्री कम हो। अलिपुरस्थित मौसम विभाग अनुसार उत्तरी हावाको प्रभावले गर्दा राज्यमा तापमान घटिरहेको छ। तथापि आगामी पाँच दिनमा कोलकाता अनि दक्षिण बंगालका जिल्लाहरूमा न्यूनतम तापमान अझ घट्ने सम्भावना छ। उत्तर बंगालमा जाड़ोको प्रभाव अधिक रहेको छ । दार्जीलिङमा सबैभन्दा कम तापमान 8.4 डिग्री सेल्सियस दर्ता गरियो भने कालेबुङमा 14.5 डिग्री, अलिपुरमा 16 डिग्री, कुचबिहारमा 16.7 डिग्री, रायगञ्जमा 15.9 डिग्री सेल्सियस तापमान दर्ता गरियो। मौसम विभागले उत्तर बंगालको मालदा, उत्तर दिनाजपुर, दक्षिण दिनाजपुर औ दक्षिण बंगालका पश्चिम बर्दवान, बीरभूम, मुर्शिदाबाद र नदिया जिल्लामा सामान्य वर्षा हुने चेताउनी जारी गरेको छ।

****** ० *****

## मिरिक फूटबल

मिरिक महाकुमको काउले युनाइटेड सनराइज क्लबको आयोजनामा सम्पन्न खुल्ला नगद राशी फूटबल प्रतियोगिताको फाइनल म्याच मिरिक महाविद्यालयको खेल मैदानमा सम्पन्न भयो I पशुपति नेपाल अनि अम्बोटिया फूटबल क्लबमाझ सम्पन्न भएको फाइनल म्याचमा अम्बोटिया एफसीले दुईको विरुद्ध तीन गोल गर्दै उपाधि आफ्नो नाम गर्यो I जसमा विजेता दललाई आकर्षक

ट्रफीसहित एक लाख रुपिया नगद राशी प्रदान गरियो भने उप विजेता दललाई पनि आकर्षक ट्रफीसहित पचास हजार रुपिया नगत राशी प्रदान गरियो I

****** ० *****